**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः १४ फरवरी २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**<u>मुख्य समाचार</u>**

- प्रधानमन्त्री नरेन्द्र मोदीले आज आफ्नो एकदिवसीय आसाम भ्रमणको क्रममा ५ हजार ४५० करोड रुपैयाँभन्दा बढी मूल्यका धेरै विकास परियोजनाहरूको उद्घाटन गर्नुभयो |

- मुख्य मन्त्री ममता बनर्जीले आज पुलवामा आतंकी हमलाको बार्षिकीमा शहीद सीआरपीएफ जवानहरुलाई श्रद्धांजलि अर्पित गर्नुभयो।

- पश्चिम बंगालका राज्य सरकारी कर्मचारीहरूको एक संगठनले उच्चतम न्यायालयको आदेशलाई अनुपालन गर्नमा कथित ढिल्याई गरेकोमा राज्यका मुख्य सचिव नन्दिनी चक्रवर्ती र राज्यका वित्त सचिव प्रभात कुमार मिश्रालाई अवमानना (कन्टेम्प्ट अफ कोर्ट)- को नोटिस पठाएको छ।

- सिलगडी अनि छेउ-छाउका इलाकाहरुमा पैरामेडिकल अनि नर्सिंग कोर्सको नाममा  छात्रहरुको भविष्यसित खिलवाड़ गर्ने एउटा ठूलो गिरोहको पुलिसले आज उजागर गरेको छ।

- दार्जिलिंगका सांसद राजू विस्टले आज दार्जिलिंग मोडमा निर्माण भइरहेको  ओवर ब्रिज अनि सेवोक-बालासन एलिवेटेड हाईवे कॉरिडोर परियोजनाको समीक्षा गर्नुभयो।

**<u>प्रधानमन्त्री आसाम भ्रमण</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज आफ्नो एकदिवसीय आसाम भ्रमणको क्रममा ५ हजार ४५० करोड रुपैयाँभन्दा बढी मूल्यका धेरै विकास परियोजनाहरूको उद्घाटन गर्नुभयो र हरियो झण्डा देखाउनु भयो। गुवाहाटीमा, प्रधानमन्त्रीले ब्रह्मपुत्र नदीमाथि कुमार भास्कर वर्मा सेतुको उद्घाटन गर्नुभयो। यो पुलले गुवाहाटी र उत्तर गुवाहाटीलाई जोड्छ। यो पुल ३ हजार करोड रुपियाँको लागतमा निर्मित गरिएको हो। पुलको उद्घाटनपछि, प्रधानमन्त्रीले नजिकैको लाचित घाटको भ्रमण गर्नुभयो र कामरूप जिल्लाको अमिनगाउँमा आईआईएम गुवाहाटीको अस्थायी क्याम्पस र उत्तर-पूर्वी क्षेत्रका लागि राष्ट्रिय डाटा सेन्टरको भर्चुअल रूपमा उद्घाटन गर्नुभयो। प्रधानमन्त्रीले भारतभरका चार शहरहरूको लागि प्रधानमन्त्री ईबस सेवा योजना अन्तर्गत २२५ विद्युतीय बसहरूको पनि हरियो झण्डा देखाउनु भयो।

**<u>ममता बनर्जी – श्रद्धांजलि</u>**

मुख्य मन्त्री ममता बनर्जीले आज पुलवामा आतंकी हमलाको बार्षिकीमा शहीद सीआरपीएफ जवानहरुलाई श्रद्धांजलि अर्पित गर्नुभयो। उहाले सोशल मीडिया मंच ‘एक्स’ मा पोस्ट गरेर बर्ष 2019 मा पुलवामा हमलामा ज्यान गुमाउने वीर जवानहरुलाई स्मरण गर्नुभयो। मुख्यमंत्रीले आफ्नो संदेशमा भन्नुभयो – म आज ती बहादुर सीआरपीएफ जवानहरुलाई सलाम गर्दछु , जो 2019 मा यसै दिन पुलवामाको घटनामा  शहीद भएका थिए। उहाले शहीदहरुको बलिदानलाई देशको लागि अविस्मरणीय बताउनुभयो।उल्लेखनीय छ , 14 फरवरी 2019 मा जम्मू-कश्मीरको पुलवामा जिल्लामा भएको  आतंकी हमलामा धेरै संख्यामा सीआरपीएफ जवान शहीद भएका थिए।

**बंगाल डीए संकट - अवमानना नोटिस**

पश्चिम बंगालका राज्य सरकारी कर्मचारीहरूको एक संगठनले उच्चतम न्यायालयको आदेशलाई अनुपालन गर्नमा कथित ढिल्याई गरेकोमा राज्यका मुख्य सचिव नन्दिनी चक्रवर्ती र राज्यका वित्त सचिव प्रभात कुमार मिश्रालाई अवमानना (कन्टेम्प्ट अफ कोर्ट)- को नोटिस पठाएको छ। संगठनको आरोप छ, राज्य सरकारले यसै महिनाको शुरूआतमा सर्वोच्च न्यायालयद्वारा निर्देश दिइएको भएता पनि वर्ष 2008-2019 बीचको 25 प्रतिशत महँगी भत्ता (डीए)-को बाँकी रकम भुक्तान तत्काल एवं कुनै पनि स्थितिमा वित्तीय वर्ष 2025-26 को समाप्ति अर्थात 31 मार्च, 2026 सम्म गर्ने सम्बन्धमा कुनै ठोस कदम उठाएको छैन। न्यायमूर्ति सञ्जय करोल र न्यायमूर्ति प्रशान्त कुमार मिश्राको पीठले पछिल्लो आदेशमा भनेको थियो, पश्चिम बंगालका सरकारी कर्मचारीहरू वैधानिक वेतन नियम अन्तर्गत महँगी भत्ताका हकदार छन् र यो उनीहरूको कानूनी रूपमा लागू गर्न सकिने अधिकार हो। अदालतले राज्य सरकारलाई वर्ष 2008-2019 सम्मको बाँकी भुक्तान गर्ने निर्देश दिएको थियो। राज्य सरकारी कर्मचारीहरूको परिसंघका अधिवक्ता फिरदौस शमिमले भने, उच्चतम न्यायालयले स्पष्ट रूपमा निर्देश दिएको भए पनि अहिलेसम्म 25 प्रतिशत बाँकी डीए भुक्तान गर्ने प्रक्रिया शुरू गरिएको छैन भनि राज्य सरकारी कर्मचारीहरूको परिसंघका अधिवक्ता फिरदौस शमिमले बताएका छन्,। त्यसै कारण मुख्य सचिव र वित्त सचिवलाई अवमानना नोटिस जारी गरिएको उहाले बताउनुभएको छ। यसबीच राज्य सरकारको शीर्ष स्तरबाट यस मुद्दामा सार्वजनिक रूपमा कुनै विस्तृत प्रतिक्रिया आएको छैन। मुख्यमन्त्री ममता ब्यनर्जीले मीडियाका प्रश्नहरूमाथि टिप्पणी गर्नदेखि अस्वीकार गरेकी थिइन् मामिला न्यायालयमा विचाराधिन रहेको बताउदै मीडियाका प्रश्नहरूमाथि टिप्पणी गर्नदेखि अस्वीकार गरेकी थिइन्।

**पश्चिम बंगाल**

पश्चिम बंगालमा, विपक्षी दलका नेता शुभेन्दु अधिकारीले युवा साथी आवेदन फारम वितरण गरेर राज्य सरकारले राज्यका बेरोजगार युवाहरूलाई धोका दिएको आरोप लगाउनुभएको छ। आज कोलकातामा आयोजित पत्रकार सम्मेलनमा शुभेन्दु अधिकारीले मुख्यमन्त्री ममता बनर्जीले २०१३ देखि शिक्षित युवाहरूलाई भ्रमित गरिरहेको आरोप लगाउनुभयो। उहाँले युवा उत्साह योजना सुरुमा राज्यको बजेटमा सुरु गरिएको थियो - पछि युवाश्री नामकरण गरिएको थियो - र रोजगार बैंक मार्फत प्रति महिना १,५०० रुपियाँ भत्ता दिने वाचा गरिएको थियो, तर २०१७-१८ आर्थिक वर्षदेखि परियोजनाको लागि कोष वास्तवमा रोकिएको छ। उहाँले रोजगार बैंकबाट १७ लाख उम्मेदवारहरूको मूल सूची गायब भएको आरोप लगाउनुभएको छ।

**फर्जी पैरामेडिकल-नर्सिंग संस्थान – भंडाफोड़**

सिलगडी अनि छेउ-छाउका इलाकाहरुमा पैरामेडिकल अनि नर्सिंग कोर्सको नाममा छात्रहरुको भविष्यसित खिलवाड़ गर्ने एउटा ठूलो गिरोहको पुलिसले आज उजागर गरेको छ । प्रधान नगर थाना पुलिसले शहरको एक कथित पैरामेडिकल संस्थान बिरुद्ध कार्रवाही गर्दै गत राती दुई महिलाहरु सहित कुल सात जनालाई पक्राउ गरेको छ । यस कथित ठगी गिरोहमा सामेल भएको आरोपमा कौशिक गुहा, नवीन चंद्र बनिक, सुरजीत शर्मा, संजय शर्मा, अभिजीत सूत्रधार, रोधा खाती अनि रोशी छेत्रीलाई पक्राउ गरिएको छ । आरोपितहरु सिलगडीको विभिन्न वार्डहरु बाहेक अलीपुरद्वार, मिरिक अन्नी कालेबुंगका बासिन्दा हुन् । मामलाको शुरुआत तब भएको हो जब अनेक छात्र-छात्राहरुले संस्थान बिरुद्ध प्रधान नगर थानामा लिखित शिकायत दर्ता गराए । शिकायतकर्ताहरुको आरोप छ कि पैरामेडिकल कोर्समा भर्नाको नाममा उनिहरुबाट लाखों रुपियाँ लिएको तर संस्थानसित पास कोर्स संचालित गर्नको लागि कुनै वैध सरकारी अनुमति वा मान्यता थिएन । संस्थान द्वारा दिईएको प्रमाणपत्र कुनै पनि सरकारी वा निजी नौकरीमा मान्य थिएन ।शिकायत पाए पछि पुलिसले मिलन मोड़ स्थित संस्थानमा छापा मार्यो । जांचमा, स्वास्थ्य विभाग वा कुनै मान्यता प्राप्त शिक्षा बोर्डको अनुमति बिनै संस्थान संचालित भइरहेको तथ्य अघि आयो । पुलिस आरोपितहरुलाई सिलगडी अदालतमा पेश गर्ने तैयारीमा जुटेको छ । उल्लेखनीय छ,केहि दिन पुर्व सालबाड़ी क्षेत्रमा यस्तै एक फर्जी संस्थानबाट तीन ब्येक्तिहरुलाई पक्राउ गरेको थियो । सिलगडीमा यस्तै प्रकारको फर्जी शिक्षण संस्थानहरुको ठूलो नेटवर्क सक्रिय रहेको पुलिसलाई प्राथमिक जाचमा आशंका छ ।

**राजू विस्ट**

दार्जिलिंगका सांसद अनि भाजपा का राष्ट्रीय प्रवक्ता, राजू विस्टले आज दार्जिलिंग मोडमा निर्माण भइरहेको ओवर ब्रिज अनि सेवोक-बालासन एलिवेटेड हाईवे कॉरिडोर परियोजनाको समीक्षा गर्नुभयो ।दार्जिलिंग मोड़मा दार्जिलिंग, बागडोगरा अनि कलेबोकालेबुंग साथै सिक्किमबाट आउने वाहनहरुको निर्बाध आवाजाहीलाई अनुमति दिनको लागि ऊंचाईको दुई स्तरहरुको निर्माण गरिंदैछ । यसले टियर-1 अनि टियर-2 एलिवेटेड स्ट्रक्चर दार्जिलिंग अनि बागडोगरादेखि सालुगरा अनि सिलगडी शहर तर्फ आउने वाहनहरुको लागि सुगम कनेक्टिविटी अनि निर्बाध मार्ग सुनिश्चित गर्नेछ ।

एक टियर अनि एप्रोच रोडको निर्माण पूरा भएपछि दार्जिलिंग मोडमा यातायातको भीड़मा आगामी 45 दिन भित्रमा धेरै कमी आउनेछ । पुरा परियोजना मार्च 2027 सम्ममा पूरा गरिने लक्ष्य राखिएको छ अनि दार्जिलिंग मोड खंड एक आगामी दुई महिना भीतर सार्वजनिक उपयोगको लागि तैयार गरिने लक्ष्य राखिएको छ ।

**कर्मी सभा**

28 नम्बर खरसाङ चिमनी देवराली समष्टिलाई लिएर भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको कर्मी सभा खरसाङको राज राजेश्वरी हलमा सम्पन्न भएको छ। सभाको अध्यक्षता भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको केन्द्रीय संस्थापक अध्यक्ष तथा जीटीए प्रमुख अनित थापाले गर्नुभएको थियो । सभामा भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका अध्यक्ष एवं जीटीए प्रमुख अनित थापा अनि भागोप्रमो केन्द्रीय महासचिव अमर लामाले पनि वक्तव्य राखेका थिए। यस कर्मी सभामा क्षेत्रीय सभासद श्याम शेर्पा, खरसाङ नगरपालिकाका चेयरम्यान ब्रिगेन गुरुङ, खरसाङ पञ्चायत समितिको सभापति अनु छेत्री लगायत खरसाङ टाउन कमिटी र 28 नम्बर समष्टिको प्रतिनिधिहरु उपस्थित रहेका थिए। कर्मी सभालाई सम्बोधन गर्दै BGPM अध्यक्ष एवं जीटीए प्रमुख अनित थापाले भन्नुभयो- अहिले परिवेश शान्ता छ, काम गर्ने तरिका शान्तिपूर्ण छ, कसैसित डराउनु पर्दैन, विकास समय अनुसार हुँदै जान्छ, बनिनु पर्ने सबैलाई थाहा हुन्छ तर बनिसकेको लसैलाई थाहा हुँदैन। तर यसपाली खरसाङको समस्या विधानसभामा राख्नलाई र खरसाङको लागि भए पनि यसपालीको चुनावमा जिताउनु पर्छ भनी उहाले बताउनुभयो। उहाले भन्नुभयो - यसपाली हामीलाई भोट दिनु होस् किनभने हामी सरकारसित मिलेर काम गरिरहेछौं। चुनाव हारेको खण्डमा बोल्ने मुख बन्द हुन्छ अनि विकास गर्न कठिन पर्चा । खरसाङ महकुमा बंगालभित्र नै पर्छ। त्यसैले हामी बंगाल सरकारसित मिलेको हो भनि उहाले अझ बताउनुभयो । उहाले भन्नुभयो- खरसाङ महकुमा अस्पताल सार्दैछौं र यसको छेउमा कार पार्किङ बनाउनेछौं यसैले यसपालीको चुनावमा पहाडको तीनजना विधायकहरुले सरकारसित मिलेर काम गर्न सक्छ र तीनजना विधयाकहरु भए सरकारसित मिलेर काम गर्न सजिलो हुन्छ ।

**सि पि आइ एम - पत्रकार सम्मेलन**

सि पि आइ एम पार्टी दार्जीलिङ्ग जिल्ला कमिटीका प्रतिनिधिहरुले पनि आज एक पत्रकार सम्मेलन गरेर आगामी १६ फरवरी २०२६ मा कलकत्तामा राज्यका श्रममन्त्री मलय घटकसँग न्यूनतम ज्याला, समयमै बोनस वितरण, उचित पी एफ र अन्य मुद्दाहरूको समाधानको लागि नियुक्ति र त्रिपक्षीय बैठक गरिने जानकारी दिएका छन्। यस बैठकले युनियन श्रमिकहरूको लागि सकारात्मक निर्णय दिने विषयमा विश्वस्त रहेको उनीहरूले जनाएका छन्। ट्रेड युनियन नेता समन पाठकले बैठकमा श्रमिकहरुको हक अनि अधिकार पूर्ण हुने आशा व्यक्त गरेका छन्।

**प्रेस विज्ञप्ति-चियाबारी श्रमिक संघ**

हाम्रो हिल तराई डुवर्स चियाबारी श्रमिक संघले एक प्रेस विज्ञप्ति जारी गर्दै भारत स्वाधीन भएको वर्षौं बितिसक्दा पनि चिया श्रमिकहरूले न्याय नपाएको बताएका छ ।हिलेको ए,आई(AI)को युगमा मानिसहरूले पाँच दश मिनेटमा पाँच सय रूपियाँ भन्दा धेर कमाउँछ तर पहाड तराई डुवर्सको चिया श्रमिकहरूले भतभति पोल्ने चर्को घाममा दिनभरी खटदा 2 सय 50 रूपियाँ दैनिक ज्याला पाउँछ।चिया श्रमिकहरूले पाउने दैनिक ज्यालाबाट पीएफ को 30 रूपियाँ काटदा 2 सय 20 रूपियाँ मात्र पाउँछ,यति थोरै पैसाले श्रमिकहरूलाई आफ्नो घर परिवारहरू को पालन पोषण गर्न धेरै गाह्रो पर्छ।त्यसै कारण हामीले मिनिमम वेजेसको कुरा गरेका हौ भनि बिज्ञप्तिमा उल्लेख गरिएको छ । देशको प्रायःसबै कम्पनीहरूमा मिनिमम वेजेस लागु गरिएको छ तर पश्चिम बंगालको चिया बगानहरूमा आजसम्म मिनिमम वेजेस लागु किन गरिन्दै भन्दै प्रश्न पनि विज्ञप्तिमा उल्लेख गरिएको छ ।

**त्रिवेणी संस्कृत विद्यापीठ**

दार्जिलिंगका सांसद राजू विस्टले आज सिलगडीको चंपासरी अन्तर्गत महेशमारी स्थित श्री त्रिवेणी संस्कृत विद्यापीठमा एमपीलैड फंडको सहायताले बनेको अडीटोरियमको उद्घाटन समारोहमा भाग लिनुभयो। त्रिवेणी संस्कृत विद्यापीठले आफ्नो विद्यार्थिहरुलाई संस्कृत साथै आधुनिक शिक्षा पनि प्रदान गरिरहेको छ। आफ्नो स्थापनाको छोटो अवधिमै विद्यापीठले सामाजिक-सांस्कृतिक विरासतको संरक्षण गर्ने दिशामा काम गर्न सक्षम भएको छ , बिभिन्न सामाजिक कल्याण पहलहरु गरेको छ अनि यस्ता छात्रहरु तैयार गरेको छ जसले विकसित भारतका लागि सकारात्मक योगदान दिनेछन् भनि सांसद विस्टले बताउनुभएको छ।

**मौसम**

मौसम विभागले हिमालय क्षेत्रहरूमा जाड़ो यथावत रहने अनि मौसममा अहिले कुनै ठूलो परिवर्तन नहुने आशा ब्येक्त गरेको छ। पश्चिम बंगाल निम्न हिमालय क्षेत्रका सबै जिल्लाहरूमा मौसम शुष्क रहनेछ। दार्जीलिङ, कालेबुङ, कोचबिहार, जलपाईगडी तथा उत्तर दिनाजपुर जिल्लामा बिहान कतै-कतै हल्कादेखि मध्यम कुहिरो लाग्नसक्छ जसको कारण दृश्यता प्रभावित हुनेछ।

****** ० ******